मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ६९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ माघ १२ गते बिहीबार (Thursday, January 26. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## क्रोएसिया पठाइदिन्छु भन्दै प्रलोभनमा पार्दा...

**काठमाडौं, माघ ११।** क्रोएशिया पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ८ लाख ४० हजार रुपैयाँ ठगी गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-९ सिनामंगल बस्ने मोरङ मिक्लाजुङ गाउँपालिका-९ घर भएका २९ वर्षीय साहिल बस्नेत रहेका छन् ।

बस्नेतले वैदेशिक रोजगारीमा क्रोएशियाको प्रतिष्ठित कम्पनीमा मासिक १ लाख भन्दा बढी कमाइ हुने गरी फुडप्याकिङको काम लगाइदिने र त्यसको लागि प्रतिव्यक्ति

(बाँकी अन्तिम पृष्ठमा)

## नदीजन्य सामग्री उत्खनन् गर्ने सवारी कारवाहीमा



**मेचीनगर, माघ ११।** मेचीनगर नगरपालिकाले नगरभित्रका मेची निन्दा र हडियाँ खोलाबाट अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने सवारी साधनलाई पक्राउ गरी धमाधम कारवाही शुरु गरेको छ ।

कारवाही स्वरुप कार्यालयले दशदिनको अवधिमा २ लाख रुपैयाँभन्दा बढी राजश्व संकलन गरेको नगरकार्यपालिका सदस्य एवम् पूर्वाधार विकास समिति संयोजक चित्रकुमार धिमालले जानकारी दिए ।

उनका अनुसार कात्तिक १५देखि माघ १० गतेसम्म नियन्त्रणमा लिएका ट्र्याक्टर टिपर र स्काभेटर स्थानीय प्रहरी प्रशासन, अनुगमन समितिले पक्राउ गरी नगरपालिकामा कारवाहीका लागि बुझाएको थियो ।

ती सवारी साधनलाई कारवाही गर्दा २ लाख ३५ हजार रुपैयाँ राजश्व संकलन भएको हो । अवैधरुपमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने सवारी साधनलाई कारवाही गर्ने नगर कार्यपालिकाको निर्णय छ । निर्णय अनुसार यसरी ढुङ्गा, गिट्टी बोक्ने ट्र्याक्टरलाई १० हजार रुपैयाँ, टिपर २० हजार बालुवा, पुरुवा बोक्ने ट्र्याक्टरलाई ५ हजार जरिवाना गर्ने निर्णय भएको संयोजक धिमालले बताए ।

उनका अनुसार दश दिनमा ट्र्याक्टर १२ वटा, टिपर ६ वटा र स्काभेटर एउटा सशस्त्र प्रहरी बल नेपाल वीओपी तिरिङ, ज्यामिरगढी, प्रहरी चौकी भृकुटी, अनुगमन समिति र नगरप्रहरीको टोलीले नियन्त्रणमा लिएको थियो ।

नगरभित्र मेची, निन्दा, टिमाई र हडियाँ खोला पर्दछन् । नगरपालिकाले कुनै पनि नदीमा नदी तथा नदीजन्य पदार्थ उत्खनन्मा रोक लगाएको उनको भनाइ छ । तर, नगर विकासको लागि भने नगरपालिकाभित्रको स्काभेटर प्रयोग गर्न सक्ने बताइएको छ ।

हडिया खोलाबाट अवैधरुपमा स्काभेटर प्रयोग गरेर नदी उत्खनन् गर्दैगर्दा नियन्त्रणमा लिएको एउटा स्काभेटर र टिपर नगरपालिकाको नियन्त्रणमा छ । त्यसबाट ४५ हजार राजश्व संकलन हुने उनको भनाइ छ ।

## भद्रपुर झापा गोल्डकपमा विद्यार्थीलाई निःशुल्क

**भद्रपुर, माघ ११।** पहिलो संस्करणको भद्रपुर झापा गोल्डकपका सबै खेलमा सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई प्रवेश निःशुल्क गरिने भएको छ ।

गोल्ड कपका अध्यक्ष दीपेश ढकालले यसअघि नै भद्रपुर नगर क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीले रंगशाला प्रवेश गर्दा शुल्क नलाग्ने घोषणा गरेका थिए ।

गोल्डकपको सचिवालयमा बुधवार भद्रपुर नगरपालिकाभित्र रहेका विद्यालयका प्रधानाध्यापक तथा शिक्षक प्रतिनिधिहरुसँग भएको छलफलमा अध्यक्ष ढकालले विद्यार्थीको प्रवेशबारे प्रतिबद्धता जनाएका हुन् । महासचिव जीवनकुमार श्रेष्ठका अनुसार विद्यालयले आलोपालो गरेर प्रतियोगिताका बेला बिद्यार्थी पठाउनुपर्ने छ ।

सामुदायिक विद्यालयका विद्यार्थीलाई खेलकुदसँग जोड्न सहज होस् भनेर प्रवेश निःशुल्क गरिएको सल्लाहकार टीकाराज ढकालले बताए । भद्रपुर नगरपालिकामा सबै तहका गरेर ३१ वटा सामुदायिक विद्यालय रहेका छन् । छलफलमा शिक्षकहरुले भद्रपुर झापा गोल्डकप नगर तथा जिल्लाकै गौरव भएकाले आफूहरुले पनि अपनत्व ग्रहण गर्ने प्रतिबद्धता जनाएका थिए ।

छलफलमा प्रधानाध्यापकहरु पुरुषोत्तम खरेल, शिव पोखरेल, दशरथ प्रधान, होमनाथ गुरुङ, राम घिमिरे, ललित लिम्बू, डिल्लीराम पोखरेल, सीता बिमली, अनिता बिमली, अर्जुन राजवंशी, खिलानाथ कोइराला, चमकलाल राजवंशी, नारद प्याकुरेल, कृष्ण न्यौपाने लगायतले आ-आफ्नो धारणा तथा

(बाँकी अन्तिम पृष्ठमा)

## सवारी दुर्घटनामा अधिकृतको मृत्यु

**मोरङ, माघ ११।** कोशी लोकमार्ग अन्तर्गत विराटनगर महानगरपालिका-३स्थित ढाटमा बुधबार दुर्घटना हुँदा प्रदेश १को प्रदेशसभा ( संसद) सचिवालयका अधिकृतको मृत्यु भएको

(बाँकी अन्तिम पृष्ठमा)

# भारतीय मूर्तिले विस्थापन गर्दै नेपाली मूर्तिकला

**दिपेश राजवंशी**

**झापा, माघ ११।** नेपालको मूर्तिकलामा भएको मौलिकताले विश्वमा नै अलग पहिचान स्थापित गरेको छ ।

नेपालमा रहेका विभिन्न स्थानका मठमन्दिरका मूर्तिहरुले कला क्षेत्रको सम्पन्नता देखाएको छ । झट्ट हेर्दा सामान्य लागेता पनि मूर्तिमा मूर्तिकारले जीवन दिएका हुन्छन् । कुनै मूर्ति काठ, धातु वा ढुङ्गामा खोपेर बनाइन्छ भने कुनै माटो वा सिमेन्टबाट बनाइने गरिन्छ । देवीदेवताको मूर्तिहरुको नेपाली समाजमा छुट्टै महत्व छ ।

जातजाति र समुदाय अनुसार वर्षैभरि विवाह, पूजा लगायत विभिन्न काजकिरियामा मूर्तिको आवश्यकता परे पनि चाडपर्वको बेला भने मूर्तिको विशेष माग हुन्छ । विश्वकर्मा पूजा, दशैं, तिहार र सरस्वती पूजामा भने मूर्तिको माग अरु बेलाभन्दा बढी नै हुने गरेको बताउँछन्- भद्रपुर-६ मोतियाबारी निवासी ४८ वर्षीय मूर्तिकार बिष्णु राजवंशी । मूर्तिकार राजवंशीले मूर्ति बनाउन थालेको चार दशकभन्दा बढी भएको छ । मूर्तिकला बिष्णुको पुर्ख्यौली पेशा पनि हो । उनका पुर्खाहरु पनि माटाका मूर्ति बनाउने र तिनको बिक्री-वितरण गरेर राम्रो आय-आर्जन गर्ने गर्दथे ।

सानैदेखि आफ्नो बुबासंग माटोमा खेल्ने र मूर्ति बनाउन चासो राख्ने बिष्णु राजवंशी कलिलो उमेरमै एक सिपालु कालीगढ बने । अहिले उनी वर्षेनि सयौंको संख्यामा मूर्ति बनाउने गर्छन् । उनले बनाउने अधिकांश मूर्तिमा विभिन्न देवीदेवताकै हुन्छन् । उनले दुई हजार रुपैयाँदेखि लाखौ मूल्य पर्ने मूर्ति बनाउने गरेका छन् । माटो र सिमेन्टको मूर्ति बनाउने राजवंशीका मूर्तिहरु झापा लगायत अन्य जिल्लाहरुमा



समेत बिक्री हुने गरेको छ । पहिले मूर्ति बनाउन चाहिने विशेष प्रकारको माटो स्थानीय क्षेत्रमै सजिलै उपलब्ध हुन्थ्यो भने अहिले आएर माटो पाउन गाह्रो भएको उनको अनुभव छ । अहिलेसम्म बाह्रदर्शी गाउँपालिकाबाट उनलाई चाहिने माटो ल्याउने गरेका छन् ।

पछिल्ला दिनहरुमा मूर्तिकलामा देखिएका केही चुनौतिहरुको कारण आफ्नो पुर्ख्यौली पेशा चौपट भएको बताउँछन्- मूर्तिकार राजवंशी । उनका अनुसार बढ्दो अव्यवस्थित शहरीकरणका कारण मूर्ति बनाउन प्रयोग गरिने माटो उपलब्ध नहुनु र निर्वाध रुपमा भारतीय मूर्तिहरु नेपाल प्रवेश गर्नु नै उनको पेशाको प्रमुख चुनौति हो ।

यी चुनौति पन्छाउन सके बेरोजगारी जस्तो समस्या रहेको हाम्रो देशमा मूर्तिकलामा राम्रो अवसर हुने उनी बताउँछन् । उनी भन्छन्- सस्तोमा मूर्ति पाउने भ्रममा नेपालीहरु सीमा-पारि गएर मूर्ति ल्याउने गर्छन् तर भारतीय बजारबाट ल्याइएका मूर्तिभन्दा नेपाली मूर्तिहरु सस्तो र राम्रो हुन्छ । खुल्ला सीमानाका कारण भारतबाट सजिलै मूर्तिहरु नेपाल आउने भएकाले सिजनमा पनि आफ्नो मूर्तिहरु बिक्री हुन कम भएकोमा उनी चिन्तित छन् ।

मूर्ति बिक्री गरेर एक लाखसम्म औसत मासिक आम्दानी गर्ने मूर्तिकार राजवंशी भन्छन्- सीमामा कडाइ गरे नेपाली मूर्तिकारहरुले उत्पादन बढाउनुपर्ने हुन्छ र यसको लागि थप जनशक्ति आवश्यकता पर्ने भएकाले बेरोजगार युवाहरुको लागि स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ । मूर्तिको आयातमा कडाइ गर्दा एकातिर परम्परागत ज्ञान, सिपको सम्बर्द्धन हुन्छ भने अर्कातिर युवाहरुलाई उद्यमसिल बनाइ आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

दैनिक उपभोग्य वस्तुसँगै पूजा तथा चाडपर्वमा चाहिने मूर्ति लिन धेरै नेपालीहरु छिमेकी मुलुकका बजारमा पुग्ने गरेका छन् । यसरी यी वस्तुहरु ल्याउँदा स्वदेशी उत्पादनले बजार गुमाउनुको साथै हाम्रा परम्परागत ज्ञान, सिप हराउने खतरा बढिरहेकोमा राजवंशीले चिन्ता प्रकट गरेका छन् ।

## पुरस्कृत प्रतिभा छनौट

**झापा, माघ ११।** जयेन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोषले पुरस्कृत कृति तथा प्रतिभा छनौट गरेको छ ।

कोषका अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा बुधबार बसेको बैठकले २०७८ सालमा प्रकाशित कृतिहरुमध्येबाट बसन्त बस्नेतद्वारा लिखित 'महाभारा' लाई बर्षोत्कृष्ट कृतिका रुपमा छनौट गरेको छ ।

त्यस्तै विष्णुचन्द्र-पद्मा बिशेष प्रतिभा पुरस्कार कलाकार तथा प्राज्ञ पवन राजवंशीलाई प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै धनमाया सक्रिय महिला पत्रकारिता पुरस्कार ग्यालेक्सी टेलिभिजनमा कार्यरत सिर्जना घिमिरेलाई प्रदान गर्ने छनौट समितिको निर्णयलाई बैठकले अनुमोदन गरेको छ । पुरस्कारको राशि जनही २५ हजार नगदसहित सम्मान-पत्र रहेको संस्थाका महासचिव छविलाल खतिवडाले जानकारी दिए ।

त्यसैगरी यसैवर्षदेखि स्थापना गरिएको फरक क्षमता (अपाङ्गता) भएका



प्राज्ञ पवन राजवंशी



सृजना घिमिरे

व्यक्तिलाई प्रदान गरिने पुरस्कारबाट दृष्टिबिहीन शिक्षक चन्द्रप्रसाद भट्टराईलाई प्रदान गर्ने निर्णय गरेको छ । यसैवर्षदेखि वितरण गर्न लागिएको फरक क्षमता भएका व्यक्तिलाई प्रदान गरिने पुरस्कारको राशि नगद ११ हजारसहित सम्मान- पत्र रहेको छ ।

उत्कृष्ट कृति तथा प्रतिभा छनौटका लागि कृतितर्फ कोषका उपाध्यक्ष विष्णुकुमार भट्टराईको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको थियो भने बिष्णुचन्द्रमपद्मा बिशेष प्रतिभा पुरस्कारका छनौटका लागि कोषका अध्यक्ष प्रसाई संयोजक रहेको समिति तथा धनमाया सक्रिय महिला पत्रकारिता पुरस्कार छनौटका लागि लोकराज ढकाल र फरक क्षमता भएका व्यक्तिका लागि प्रदान गरिने पुरस्कार छनौटका लागि खिलप्रसाद शिवाकोटीको संयोजकत्व समिति गठन गरेको थियो ।

पुरस्कार आगामी फागुन ६ गते विशेष कार्यक्रमको आयोजना गरी प्रदान गरिने बताइएको छ । २०५९ सालमा स्थापित कोषले शुरुमा बर्षोत्कृष्ट कृति पुरस्कार प्रदान गरेको थियो । दुई दशकको अवधिमा संस्थाले विधा र राशि बढाउँदै लगेको हो ।

## तरकारी उत्पादन गर्न एक करोड सहयोग

**इलाम, माघ ११।** सरकारले इलामको रोङ गाउँपालिकालाई तरकारी उत्पादनका लागि रू. एक करोड सहयोग गर्ने भएको छ ।

शहरबासीलाई लक्षित तरकारी उत्पादन गर्न अर्थमन्त्रालयबाट उक्त सहयोग प्राप्त हुन लागेको गाउँपालिकाले जानकारी दिएको हो ।

तरकारी उत्पादन तथा बजारीकरणका लागि मन्त्रालयले बजेट दिन लागेको गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बो ( सुवास) ले जानकारी दिए । कृषि मन्त्रालयको समन्वयमा कृषि कार्यक्रम अन्तर्गत उक्त रकम उपलब्ध हुने उनले बताए ।

पूर्वअर्थमन्त्री जनार्दन शर्माको पहलमा कार्यक्रम स्वीकृत भएको अध्यक्ष स्याङ्बोको भनाइ छ । गाउँपालिकाको तराई र भारतसँग सीमा जोडिएकाले यहाँबाट तरकारी निर्यात भइरहेको छ । ढुवानी सस्तो पर्ने भएकाले भारतीय व्यापारीहरु यहीं आएर खरिद गर्ने गरेका छन् । कम लागतमा गुणस्तरीय तरकारी उत्पादन गर्ने गरी काम शुरु गरिने गाउँपालिकाको भनाइ छ । यो क्षेत्रमा तरकारी उत्पादन राम्रो हुने गरेको छ । यहाँ उत्पादन भएको तरकारी झापा, मोरङ, सुनसरी हुँदै काठमाडौँसम्म पुग्ने गरेको छ ।

नेपालमा रासायनिक मल प्रयोग भएका भारतीय तरकारी आयात भइरहेको र त्यस्ता तरकारीले स्वास्थ्यमा प्रतिकूल असर पार्ने गरेको भन्दै गाउँपालिका अध्यक्ष स्याङ्बोले आफूहरुले प्राङ्गारिक मल नै प्रयोग गर्ने बताए ।

स्थानीय उत्पादनलाई आयातित तरकारीसँग प्रतिस्पर्धा गर्नसक्ने गरी कार्यक्रम सञ्चालन गरिने उनले दावी गरे । किसानलाई वीऊ र कृषि औजार अनुदानमा उपलब्ध गराइने भएकाले तरकारी उत्पादन भारतको तुलनामा सस्तो पर्ने उनको भनाइ छ ।

## आत्मदाह गर्न खोजेका आचार्यको निधन

**झापा, माघ ११।** संघीय संसद् भवन अगाडि मंगलबार दिउँसो शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका इलामको सूर्योदय नगरपालिकाका ३७ वर्षीय प्रेमप्रसाद आचार्यको निधन भएको छ । उनको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

अस्पतालका चिकित्सक डा. किरण नकर्मीका अनुसार आचार्यको शरीरको ८० प्रतिशत भाग जलेको थियो । जलेर गम्भीर घाइते भएका उनलाई प्रहरीले घटनास्थलबाट तत्कालै उपचारका लागि कीर्तिपुर अस्पताल पुऱ्याएको थियो ।

यसैबीच नयाँ बानेश्वरमा आत्मदाह गरेका इलामका प्रेमप्रसाद आचार्यको शव सरकारका तर्फबाट गृहमन्त्री रवि लामिछाने कीर्तिपुर अस्पताल पुगेपछि मात्र आफन्तले जिम्मा लिएका थिए । सरकारले सम्बोधन नगरेको भन्दै आफन्तले बिहानैदेखि शव बुझ्न मानेका थिएनन् । गृहमन्त्री लामिछाने आफैं अस्पताल पुगेपछि शव आफन्तले बुझेका थिए । आचार्यले उठाएका विषयहरुलाई राज्यले सम्बोधन गर्नुपर्ने र उनले न्याय पाउनुपर्ने माग गर्दै माइतीघरबाट 'काठमाडौं अपराइजिङ' नाममा प्रदर्शन गरिएको छ ।

नागरिक समाजका अगुवा र युवाहरूले इलामका प्रेमप्रसाद आचार्यको न्याय र उनीजस्तै लाखौं नेपाली युवाहरूको न्यायका लागि सरकारसँग माग गरेका छन् । उनीहरूले आचार्यको दुःखद् निधनप्रति शोक व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरेका छन् भने उनका २५ बुँदे मागहरू पूरा गर्न सरकारसँग माग गरेका छन् ।

यसैबीच इलामको सूर्योदय नगरपालिका निवासी आचार्यको निधनले आम ब्यवसायी दुःखी भएको भन्दै ब्यवसायीको विषयमा गम्भीर बन्न बिर्तामोड उद्योग वाणिज्य संघले सरकारसंग माग गरेको छ ।

युवा उद्यमी आचार्यले व्यवसायबाट असफलता प्राप्त गरेको र राज्यले पनि आफ्नो समस्या नसुनेको भन्दै मंगलबार काठमाडौंस्थित संसद भवन अगाडि आत्मदाहको प्रयास गरेका थिए । उनको बुधबार बिहान उपचारको क्रममा निधन भएको हो ।

मृत्यु समस्याको समाधान नभएको भन्दै वाणिज्य संघले अन्य व्यवसायीको विषयमा गम्भीर

(बाँकी अन्तिम पृष्ठमा)

## नेकपा इलामको बिद्रोह गर्ने चेतावनी

**बिर्तामोड, माघ ११।** नेपाल कम्युनिष्ट पार्टी इलामले सरकारको लाचारीपनका कारण युवा उद्यमी प्रेम आचार्यले आत्मदाहको बाटो रोज्नु परेको भन्दै आक्रोश व्यक्त गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी इलामका इन्चार्ज सुमनसिंह सिले बुधबार एक विज्ञप्ति जारी गर्दै वर्तमान उत्पादन प्रणाली र बजारीकरणको दुर्दशा, बिचौलियाहरुको बिगबिगी र प्रभाव, दलाल राज्य व्यवस्थाको चरम संकटका कारण

(बाँकी अन्तिम पृष्ठमा)


**जग्गा बिक्रीमा**

अर्जुनधारा-७ रमाइलो वस्तीमा रहेको ५ कठ्ठा जग्गा तु- विक्रीमा रहेको छ । मूल्यः ३५,००,०००।- **सम्पर्क :- ९८१५०१४६४७**

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

# महारानीगञ्ज माविको ६५औं वार्षिकोत्सव

**अर्जुनधारा, माघ ११।** झापाको अर्जुनधारा-११ सालबारीस्थित महारानीगञ्ज माध्यमिक विद्यालयको ६५औं वार्षिकोत्सव बुधबारदेखि शुरु भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बोलप्रसाद कोइरालाको अध्यक्षतामा आयोजित उक्त वार्षिकोत्सवको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राईले उद्घाटन गरेकी थिइन् ।

तीन दिनसम्म सञ्चालन हुने वार्षिकोत्सव अन्तर्गत अन्तर सदन खेलकुद, सांस्कृतिक, हाजिरी जवाफ प्रतियोगिता, पुरस्कार वितरणलगायतका कार्यक्रमहरु सञ्चालन हुने विद्यालयका प्रधानाध्यापक मनबहादुर लिम्बूले जानकारी दिए । सोही कार्यक्रममा चालू आर्थिक वर्ष ०७९/०८०मा सात लाख ५० हजार रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको पोशाक परिवर्तन कक्षसहितको पक्की छात्रा शौचालयको पनि उद्घाटन गरिएको थियो ।

त्यसैगरी समितिका निवर्तमान अध्यक्ष रोहितमान ढकाल, वर्ष उत्कृष्ट शिक्षक सम्मानबाट चन्द्रकला ढकाल, शान्तिराम दाहाल र सूर्यप्रसाद सापकोटालाई सम्मानित गरिएको थियो । त्यस्तै युवा व्यवसायी रोहितकुमार भट्टराईद्वारा स्थापना गरिएको 'सूर्य-देवी उत्कृष्ट शिक्षा पुरस्कार-२०७८'बाट गरीब तथा जेहेन्दार विद्यार्थी दिव्या चौधरीलाई नगद पुरस्कार तीन हजार एक सय रुपैयाँबाट पुरस्कृत गरिएको थियो ।

प्रधानाध्यापक लिम्बूले कार्यक्रमको औचित्यसहित विद्यालयको वर्तमान अवस्था र भावी रणनीति बारे जानकारी गराइएको कार्यक्रममा निवर्तमान वडाध्यक्ष भैरवबहादुर खड्का, महारानीगञ्ज टोल विकास समितिका अध्यक्ष नरेन्द्र खड्का, पूर्व प्रधानाध्यापक हस्त परियार, नेपाली कांग्रेस वडा सभापति जगत राना मगरलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

शिक्षक सूर्यप्रसाद सापकोटाले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन समितिका सदस्य एवम् शिक्षक भेषराज अधिकारीले गरेका थिए ।

# सिसाको पुल र साइकल ट्र्याक निर्माण शुरू

**इलाम, माघ ११।** प्रदेश नं. १को पर्यटकीय नगरी इलामको सूर्योदय नगरपालिकामा सिसाको पुल (ग्लास ब्रिज) सहितको साइकल ट्र्याक निर्माणको कार्य शुरु गरिएको छ ।

पर्यटकलाई थप आकर्षित गर्नका लागि नगरपालिकाले कन्याममा एक सय ५० मिटर लामो सिसाको पुल निर्माणको थालनी गरेको हो । नगरप्रमुख रणबहादुर राईले मङ्गलबार उक्त आयोजनाको शिलान्यास गरे । उनले भने- नगरको गौरवको आयोजनाका रूपमा देशमै पहिलो पटक उक्त सिसाको पुलको निर्माण शुरु गरेका छौं।

सिसाको पुलसहितको साइकल ट्र्याक निर्माणले यस क्षेत्रका स्थानीयको आयस्तरमा सुधार हुने विश्वास राखिएको छ । प्रदेश सरकारको नवप्रवर्द्धन साझेदारी कोष र नगरपालिकाको संयुक्त लगानीमा दुई वर्षभित्रमा यी आयोजनाको काम सम्पन्न हुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले बताए ।

उनका अनुसार सो आयोजनाका लागि नगरपालिका र प्रदेश सरकारको नवप्रवर्द्धन साझेदारी कोषको गरी रु. सात करोड ९३ लाख ६४ हजार लागत रहेको छ। आगामी २०८१ माघमा काम सम्पन्न गर्ने गरी बिएस कन्स्ट्रक्सन कम्पनीले ठेक्का लिएर काम शुरु गरेको हो। अत्याधुनिक शैलीमा निर्माण गरिने उक्त सिसाको पुल देशकै लामो भएको नगरपालिकाले दाबी गरेको छ। एक सय ५० मिटर लामो उक्त पुल निर्माण भएपछि पर्यटकले पुलबाट सहजै नेपाल र भारतका विभिन्न भूभागको अवलोकन गर्न पाउनेछन् ।

यस्तै नगरपालिका र प्रदेश सरकारको नवप्रवर्द्धन साझेदारी कोषको गरी रु. ५५ लाख ५० हजारको लागतमा २०७९ असार मसान्तसम्ममा सक्ने गरी १३ दशमलव पाँच किलोमिटर साइकल ट्याक निर्माणका लागि राजलवट निर्माण सेवाले ठेक्का सम्झौता गरी काम शुरु गरेको नगरपालिकाले जनाएको छ ।

पुल र साइकल ट्र्याक सञ्चालनमा आएपछि देशभरका साइकलयात्रीले इलामको सौन्दर्य हेर्दै नागबेली पथमा यात्रा गर्न पाउनेछन् । पर्यटकलाई नयाँ पन दिनका लागि नयाँ योजना सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ ।

सूर्योदय-६ को कन्याममा रहेको डुँडे गैरादेखि सूर्योदय-११ को पूर्णेडाँडासम्म साइकल ट्र्याक निर्माण हुनेछ । नगरप्रमुख राईले पर्यटकको रोजाइमा रहेको सूर्योदयमा ग्लास ब्रिज र साइकल ट्र्याक निर्माणले देशभरका पर्यटकको ध्यान तान्ने बताए ।

## क्रोएसिया ...

६ लाख रुपैयाँ लाग्छ भन्दै प्रलोभनमा पारी पीडितहरुबाट उक्त रकम ठगी गरेको भन्ने वैदेशिक रोजगार विभागको पत्राचारको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं सिनामंगलबाट पक्राउ गरेको हो ।

## भद्रपुर ...

सुझाव राखेका थिए ।

यसैबीच, प्रतियोगिताका सबै खेलमा विशेष परिस्थितिका नागरिकलाई प्रवेश निःशुल्क गरिने भएको अध्यक्ष ढकालले बताए ।

त्यस्तै, नगरभित्रका ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकलाई पनि प्रवेश निःशुल्क गरिएको ढकालले जानकारी दिए ।

## सवारी ...

छ । दुर्घटनामा संसद सचिवालयका अधिकृत सुनसरीको धरान उपमहानगरपालिका-८ घर भएका अन्दाजी ५५ वर्षीय प्रेमबहादुर श्रेष्ठको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सरकारी मोटरसाइकल चलाएर धरानबाट बिराटनगरस्थित संसद सचिवालयतर्फ आउने क्रममा श्रेष्ठ दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठका अनुसार उत्तरबाट दक्षिणतर्फ आउँदै गरेको प्रदेश १-०४-००१ ब ०००७ नम्बरको मोटरसाइकल र उत्तरतर्फ जाँदै गरेको को३८प ५३८७ नम्बरको स्कुटर एकआपसमा ठक्कर खाँदा दुर्घटना भएको थियो । दुर्घटनामा परेर गम्भीर घाइते भएका श्रेष्ठलाई उपचारका लागि मोरङको बूढीगंगास्थित बिराट शिक्षण अस्पतालमा भर्ना गरिएको थियो ।

## नेकपा ...

यस्तो अवस्था आएको आरोप लगाएका छन् ।

विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी इलामले अब विद्रोहका लागि सबैलाई तयार रहन उद्घोष पनि गरेको छ। विज्ञप्तिमा आत्मदाहको बाटो लिनुभन्दा विद्रोहको बाटो रोजेर व्यवस्था र अवस्था परिवर्तनका लागि तयार रहन युवाहरुलाई आव्हान गरिएको छ। आत्मदाहलाई राज्य सञ्चालन प्रणाली प्रतिको चरम निराशाको रुपमा चित्रण गरिएको नेपाल कम्युनिष्ट पार्टी इलामले जनाएको छ ।

## आत्मदाह ...

बन्न वाणिज्य संघले आग्रह गरेको छ। वाणिज्य संघका महासचिव अर्जुनकुमार मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- आचार्यको निधनले आम व्यवसायी तथा उद्यमीमा निराशा मात्र होइन आक्रोश पनि पैदा भएको छ। राज्यको नीतिकै कारण कतिपय व्यवसायी तथा उद्यमीहरु पलायन भएको भन्दै यस तर्फ राज्य र सरकार गम्भीर बन्नुपर्नेमा जोड दिइएको छ ।

बैंकको चर्को व्याजदरका कारण धेरै ब्यवसायी आक्रान्त बनेको भन्दै सरकारले नागरिकको आवश्यकताको विषयमा ध्यान दिन आग्रह गरिएको छ। आत्मदाहलाई आत्मघाती आक्रमण समेत हुन सक्ने तर्फ सचेत बन्न आग्रह गर्दै सरकार गम्भीर बन्नुको विकल्प नभएको स्पष्ट पारिएको छ । वाणिज्य संघले आचार्यको निधन प्रति समवेदना व्यक्त गर्दै बुधबार साँझ नै श्रद्धाञ्जली सभा समेत गरेको छ ।


## कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय महिला, पुरुष, महानुभावले तु-सम्पर्क गर्नुहोला ।

**समय : बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म**

**स्थानी : अतिथि सदनरोड, बिर्तामोड नगरपालिका-१**


## श्रद्धाञ्जली/समवेदना



**श्री रामजानकी मन्दिर बुद्धशान्ति-३ बुधबारेका आजीवन सदस्य ज्ञानेन्द्र पराजुलीकी ममतामयी माता तथा भगवान भोगकी दाता निरादेवी प्रसाई पराजुलीकी सासूआमा पवित्रा पराजुलीको मिति २०७९/१०/०१ गते भएको निधनप्रति दुःख व्यक्त गर्दै उहाँको देहत्यागी अमर आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गदछौं । साथै मातृवात्सल्यता गुमाई गम्भीर शोकमा पर्नु भएका सम्पूर्ण छोराबुहारी, छोरीज्वाइँ तथा नातिनातिना लगायत शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**श्री रामजानकी मन्दिर परिवार**

**बुद्धशान्ति -३ बुधबारे, झापा**


## आवश्यकता

यस निरन्तर बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५ झापामा तपशिल बमोजिमका कर्मचारी आवश्यक परेकाले इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**१. पद : व्यवस्थापक** **संख्याः १**

**योग्यताः** व्यवस्थापन संकायमा स्नातक वा सो सरह

**प्राथमिकताः** सहकारी फिल्डमा कम्तीमा २ बर्षको अनुभव भएको, मोटर साइकलको लाइसेन्स प्राप्त, कम्प्युटर सम्बन्धी ज्ञान भएको

**उमेरः** २० देखि ४० बर्ष ननाघेको

**तलबः** आपसी सहमति अनुसार

**निवेदन शुल्कः** रु.५०० (फिर्ता नहुने गरी)

**२. पद : बजार प्रतिनिधि**

**संख्याः** २ (गरामनी क्षेत्र १ जना, बुट्टाबारीदेखि बिर्तामोड नयाँ बसपार्कसम्म १ जना)

**योग्यताः** SEE उत्तीर्ण

**प्रथमिकताः** परिवार वा संरक्षकको जमानी राख्न सक्ने, स्कुटर चलाउन सक्ने

**उमेरः** १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको

**तलबः** न्यूनतम तलब रु ८००० र कमिसन

**निवेदन शुल्कः** रु. २००(फिर्ता नहुने गरी)

**फारम बुझाउने अन्तिम मितिः** २०७९ माघ २५ गते बुधबारसम्म (दुवै पदका लागि)

**पदपूर्ति समिति**

**निरन्तर बचत तथा ऋण सहकारी संस्था लि.**

**बिर्तामोड ५ झापा, पुरानो भद्रपुर रोड (सम्पर्कः ०२३-५३६३६२)**

birtamodnirantar.cooperative@gmail.com


## मोटरसाइकल हरायो

**बिर्तामोड मुक्तिचोक उत्तर शनिश्चरे रोडबाट यही मिति २०७९।०९।२६ गतेका दिन मेरा निम्न व्यहोरा मे१०प ५२३७ नम्बरको कालो रंगको सुपर स्प्लेन्डर मोटरसइकल हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।**

**नामः बुद्धिप्रसाद घिमिरे** **ठेगानाः अर्जुनधारा-११, झापा**

**चेसीस नं.** MBLJAR038J9D72623

**इञ्जिन नं.** JA05EGJ9D07991

**सम्पर्क नं. ९८५२६७२९६४**

**जन्मियो यही धर्तीमा अन्त्यमा यही बिल्दछ, एउटै जुनी हो पाइने अर्को कहाँ मिल्दछ**
**मर्ने हो भौतिक शरिर स्मृति कहाँ मर्दछ, सुनाम हो बाँचिरहने सधैं सुवास छर्दछ ।**

## श्रद्धाञ्जलि/समवेदना



**जन्म २०३९।०३।०६**

**निधन २०७९। ०९। १४**

**स्व. निराकार पाण्डे**

**यस विद्यालयका अभिभावक, बिर्तामोड नगरपालिका वार्ड नं. १ का वडाध्यक्ष तथा नगरपालिकाका प्रवक्ता अग्निप्रसाद पाण्डेका छोरा निराकार पाण्डे (विपिन) को गत पुस १४ गते कम्बोडियाको होटलमा भएको आगलागीमा परी अकल्पनीय रुपमा निधन भएको घटनाले विद्यालय परिवार अत्यन्त मर्माहित र संवेदित भएको छ ।**

**दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै छैटौं दिनको पुण्य तिथिमा शोकव्रतमा बस्नुहुने सम्पुर्ण परिवारजनमा शोक सहन गर्ने क्षमता ईश्वरले प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौ ।**

**न्यूटन्स् एजुकेशन एकेडेमी परिवार**

**बिर्तामोड-५, झापा**

# सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित सूचना मिति २०७९/१०/१२**

इन्द्रचन्द्र क्यम्पस बिर्तामोड झापाका लागि ICT सामग्री खरिदका गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीले तपसिलमा उल्लेखित दस्तुर तिरी दरभाउपत्र खरिद गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| S.N | Contract Identification No. | Description of Work | Bid Security Amount. NRS | Price of Bid Doc. in NRS | Estimated Amount (With VAT) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | INDRACHANDRA GOODS/ SQ-02/079/80 | Supply and Delivery of ICT goods. | NRs. 47,014/- | NRs. 1000.00/- | NRs. 17,09,600/- | 75 days |

**शर्तहरु**

१) इच्छुक दरभाउपत्रदाताले फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, नवीकरण, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ.व. २०७८/०७९ को कर चुक्ता वा समय थपको प्रमाण पेश गरी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) दरभाउपत्र ७औं दिन (२०७९ माघ १८) को कार्यालय समयभित्र क्याम्पसको कार्यालयबाट खरिद गरिसक्नुपर्नेछ र ८औं दिन (२०७९ माघ १९) को १२ बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। दाखिला भएका बोलपत्रहरु ८औं दिन (२०७९ माघ १९) को २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३) दरभाउपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएमा केरमेट भएको ठाउंमा दरभाउपत्रदाताले स्पष्ट सहीछाप गरेको हुनुपर्नेछ।

४) दरभाउपत्र फारम खरिद गर्दा रु १०००/-(अक्षरेपी रु क्याम्पसको राष्ट्रिय वाणिज्य बैंक बिर्तामोड शाखा हि.नं. २६२०१००००१५९१००१ (फिर्ता नहुने गरी) मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस क्याम्पसको लेखाशाखामा नगदै जम्मा गरेको नगदी रसिद सक्कलै पेश गरी दरभाउपत्र खरिद गर्नपर्नेछ ।

५) दरभाउ जमानत रकम रु ४७,०१४/- (अक्षरुपी रु. सड्चालीस हजार चौध रुपैयाँ मात्र) राष्ट्रिय वाणिज्य बैंक बिर्तामोड शाखा हि.नं. २६२०१००००१५९१००१ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस क्याम्पसको लेखाशाखामा नगदै जम्मा गरेको नगदी रसिद दरभाउपत्र पेश गर्ने समयमा सिलबन्दी खामभित्र समावेश गर्नुपर्नेछ। बैंक जमानत पेश भएमा दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ (पचहत्तर) दिन म्याद भएको विडवण्ड बोलपत्रसाथ दाखिला गर्नु पर्नेछ।

६) सबै सामाग्रीहरु ब्रान्डेड र जेन्युन हुनुपर्नेछ साथै ब्राण्ड र मोडल नं खुलाउनुपर्नेछ।

७) डेक्सटप कम्प्युटर, ल्यापटप, स्मार्ट इन्टरयाक्टिभ प्यानल बोर्ड, प्रोजेक्टर, सि.सि. क्यामेरासंग सम्बन्धित सामाग्रीहरुको आधिकारिक बिक्रेताको प्रमाण (Authorization Letter) पेश गर्नुपर्नेछ।

८) यदि Authorize letter नभएको खण्डमा फर्मल Authorized letter प्राप्त फर्मबाट सामग्री बेचविखनका लागि प्रदान गरिएको प्रमाण वा प्रतिवद्धता पत्र दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।

९) उपलब्ध गराउने सामाग्रीहरुको वारेन्टी कम्तीमा १ वर्ष हुनुपर्नेछ र मर्मतसम्भार थप २ वर्षसम्म उपलब्ध गराउनुपर्नेछ।

१०) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र दरभाउपत्रदाताबीच कुनै विवाद उत्पन्न भएमा यस क्याम्पसको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु दरभाउपत्रदाताको कर्तव्य हुनेछ।

११) दरभाउपत्रदाताले नाम र ठेगाना स्पष्टसंग उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ।

१२) दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य विदा पछिको कार्यालय खुल्ने दिन हुनेछ।

१३) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार क्याम्पसमा निहित रहनेछ।

१४) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

१५) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

१६) यस सम्बन्धमा थप कुराहरु बुझ्न परेमा क्याम्पसको कार्यालयमा, कार्यालय समयभित्र सम्पर्क गर्न सक्नुहुनेछ।

**प्रकाश दाहालः क्याम्पस प्रमुख**

# Invitation for Sealed Quotation

**Bhadrapur Municipality**
**Office of Municipal Executive**
**Bhadrapur-Jhapa**
**1 No Province, Nepal**

## Invitation for Sealed Quotation for the procurement of supply and delivery of Medical items and goods.

**Date of first Publication: 2079/09/22**
**Date of second Publication: 2079/10/12**

1. The Bhadrapur Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery of Medical items and goods.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np.]
3. "Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of in the following account.

Name of the Bank: **Rastriya Banijya Bank**
Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive**
Office Code no. : **80101112**
Office Account no.: **2210100301010003**

4. Sealed bids must be submitted to the office Bhadrapur Municipality through e-GP system i.e www.bopatra.gov.np/egp] on or before 12:00 pm on 2079-10-27. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079-10-27 at 1 pm at the office of Bhadrapur Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of amount mentioned in the following table which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in following Deposit Account No and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

   Name of the Bank: **Rastriya Banijya Bank**
   Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive**
   Office Code no. : **80101112**
   Office Account no.: **2210100303000003**

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N | Contract ID | Procurement Name | Bid document Fee (Nrs) | Bid Security Fee (Nrs) |
|---|---|---|---|---|
| 1 | BDP/GOODS/HEALTH/ MEDICINE/1-1/079-80 | Supply and delivery of Medicine Items | 1000 | 1,00,000.00 |
| 2 | BDP/GOODS/HEALTH/ SURGICAL/1-2/079-80 | Supply and delivery of Surgical Goods | 1000 | 28,500.00 |
| 3 | BDP/GOODS/HEALTH/ ITEMS/1-3/079-80 | Supply and delivery of Edible items and Mosquito net | 1000 | 49,000.00 |

**Chief Administrative Officer**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, [redacted]थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : [redacted]ण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ [redacted]र : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

## अग्निदाह : सरकारको असफलताको संकेत

**सूर्योदय नगरपालिका इलामका एक उद्यमीले संसद भवनअघि आफूलाई आगो लगाएर आत्मदाह गरेका छन् । छत्तीस वर्षीय प्रेमप्रसाद आचार्यले आत्मदाह गर्नुअघि लेखेको आत्मवृत्तान्तमा आफू उद्योगी/व्यवसायी भएको, व्यापार, व्यवसायमा जतासुकै असफलतामात्रै हात लागेको, सरकारले असहयोग गरेको, व्यावसायिक प्रतिष्ठानहरुले धोका दिएका र बैंक तथा वित्तीय संस्थाले पनि आफ्नो पीडाको सुनुवाई नगरेको उल्लेख गरेका छन् । मंगलबार आफ्नो शरीरमा पेट्रोल छर्किएर आगो लगाएका आचार्यको बुधबार उपचारका क्रममा कीर्तिपुरस्थित बर्न अस्पतालमा मृत्यु भएको हो । सफल उद्यमी तथा व्यवसायी बन्ने उत्कट इच्छा, आँट र लगनले पनि साथ नदिएपछि आत्महत्या जस्तो गम्भीर निर्णय गर्न पुगेका उनको मृत्युमा को–कति जिम्मेवार होलान् सम्बद्ध पक्षले गम्भीर चिन्तन गर्नुपर्छ ।**

**काम गरी खान्छु, समाज तथा देश सापेक्ष सेवा गर्नु र राष्ट्रको समृद्धिमा इँटा थप्छु भनेर पटक–पटक नयाँ–नयाँ व्यवसाय गरेर स्वरोजगार बन्ने, परनिर्भरता कम गर्ने, रोजगारीको अवसर सिर्जना गर्ने आचार्यको अग्रसरता सलामयोग्य छ । तर, बुझ्नेले कुरा नबुझेपछि सहयोग गर्नुपर्ने स्थानीयदेखि संघीय सरकार आफन्त र आफ्नाको संकीर्णताबाट मुक्त नभएपछि प्राप्त हुने परिणाम यस्तै हृदयविदारक हुन्छ । त्यसै पनि देशको अर्थव्यवस्था जर्जर छ त्यसमाथि सरकार जनताका भोगाइ कष्ट र पीडामा सधैँ उदासीन छ । जनताको आर्थिक जीवन उकास्ने, राष्ट्रको समृद्धिमा सहायक बनिने सरकारसँग न योजना छ, न त कुनै निष्ठापूर्ण प्रतिबद्धता । राजाका समयमा स्थापित आत्मनिर्भरता र समृद्धिका सहायक दर्जनौं कलकारखाना, उद्योग बिक्री गरेर परनिर्भरता र पश्चगामी यात्रा तय गर्ने सरकारका लागि आचार्यको आत्मदाह सामान्य हुनसक्छ ।**

**अरुलाई पीडा दिएर, यातना दिएर विभत्स ढंगले हत्या गर्नु क्रुरता मनपर्नेका लागि मनोविनोदको कुरा हुनसक्छ । तर, आफूले आफूलाई जलाएर त्यो पनि सार्वजनिक ठाउँमा अझ देशकै कार्यकारी प्रमुख तथा प्रतिनिधिका अघि आत्मदाह गर्नु विवशता र निरीहताको पराकाष्ट हो । यो घटना सम्भवतः इतिहासको पहिलो हुनुपर्छ । सुन्दा मात्रै पनि आङ जिरीङ हुने आत्मदाहको घटना हाम्रा जनप्रतिनिधि, स्थानीय, प्रदेश तथा संघ सरकारका लागि लज्जाबोधको विषय भएन भने त्यो अझै दुर्भाग्यपूर्ण हुनसक्छ । धेरै प्रयास गर्दा पनि कतैबाट साथ, सहयोग नपाएका अरु थुप्रै प्रेम आचार्यहरु आत्मघाती भएर ननिस्कियुन यसतर्फ सरकार आजै सचेत होस् । उनको आत्मदाहको पछि जे–जे कारण लुकेको भए पनि सबैभन्दा मुख्य कारण सरकारको असफलताको उत्कर्ष हो । सत्तास्वार्थका लागि राजनीतिक अस्थिर बनाएर पानी धमिलो पारेर माछा नै मार्नुपर्ने हाम्रा राजनीतिक दलहरुको अभीष्टले फेरि–फेरि अरु प्रेमहरुलाई यस्तो भयानक निर्णय र बाटो रोज्न विवश नपरियोस्, हामी राज्यलाई खबरदारी गर्छौं ।**

# महिलालाई किन हराउन उभ्याइन्छ ?



**सुशीला कार्की**

राजनीतिक पदहरूमा महिलाको अधिक संख्या कायम रहन सक्नु भनेको महिला सशक्तीकरण स्थापित भएको मानिन्छ। राजनीतिक वृत्तमा महिला सहभागिता हुनु सशक्तीकरणको एउटा मुख्य आधार पनि हो। राजनीतिक क्षेत्रले राष्ट्रको नीति-निर्माण गर्ने कार्य गरेको हुन्छ। उच्च निर्णायक पदहरूमा महिला आसीन हुन सकेको खण्डमा महिला विकासको सन्दर्भमा महिलाहरूको हकमा सकारात्मक नीति र कार्ययोजनाहरू बन्न सक्नेछन्। जसको आधारमा लैङ्गिक समानता कायम हुन सम्भव हुनेछ।

प्रत्येक दललाई निर्वाचनमा टिकट दिँदा आफूले खडा गर्ने उम्मेदवार संख्या मध्येमा ३३ प्रतिशत महिलाको हकमा उम्मेदवारी संख्या छुट्याउने अवधारणा रहनुको अर्थ प्रत्यक्षबाट पनि महिला निर्वाचित हुन र संख्या नपुग भए मात्र समानुपातिकको सिटबाट संख्या पुऱ्याउने व्यवस्था कायम भएको देखिएको छ। लैङ्गिक समानता र महिला सशक्तीकरण वास्तवमा नै स्थापित गर्ने हो भने महिलाले पनि प्रत्यक्षतर्फ निर्वाचन लडेर पुरुष सरह विजय हासिल गर्ने प्रयास गर्नुपर्ने हुन आउँछ। संविधानले अर्थ्याएको संसद्मा महिलाको संख्या अनिवार्यतः ३३ प्रतिशतको उपस्थिति भन्नाले यो वास्तवमा आरक्षण हो।

तर, संसदमा महिला प्रतिनिधित्वको सवाल हेर्दा हामी के पाउँछौँ भने २०१५ सालको संसदको निर्वाचन सात जना महिला तत्काल उम्मेदार बन्दै प्रतिस्पर्धामा होमिएका थिए। जसमा एकमात्र द्वारिकादेवी ठकुरानी मात्र निर्वाचित हुनुभएको थियो। २०४७ सालको संविधानले संसदमा २०५ सिट मध्येमा ५ प्रतिशत संख्या मात्र महिला सदस्यको हकमा व्यवस्था गरेकामा २०४८ सालको निर्वाचनमा ८ सिट २०५१ को निर्वाचनमा ७ सिट र २०५६ मा १२ सिटमा मात्र महिलाहरू निर्वाचित हुन सफल भएका हुन्।

पहिलो संविधानसभा २०६४ मा निर्वाचन हुँदा प्रत्यक्षतर्फ ३० जना दोस्रो संविधान सभा २०७० को निर्वाचमा १० जनामात्र प्रत्यक्षतिर निर्वाचित हुन सफल भएका थिए। यसरी नै २०७४ मा भएको संसदीय निर्वाचनमा जम्मा प्रत्यक्षतर्फ ६ जनामात्र निर्वाचित भएका थिए भने २०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ जम्मा सात जना निर्वाचित हुन सफल भएका छन्। यसरी थोरै संख्यामा विजयी हुनुमा प्रत्यक्षतर्फ उम्मेदवार नबनाइनु प्रमुख कारण हो।

समष्टिगत रूपमा २०१५ देखि २०७९ सालसम्मको संसदीय वा संविधानसभाको आजसम्मको प्रत्यक्षतर्फको निर्वाचन मूल्याङ्कन गरेर हेर्दा महिला उम्मेदवारहरू आमजनताको मत पाएर निर्वाचनमा विजयी भएकाहरूको संख्या न्यून देखिँदै आएको छ। यसबारे मूल्याङ्कन गर्दै विद्वत वर्गले के पनि भन्दै आएका छन् भने दलहरू आफ्ना दलका महिला उम्मेदवारहरूबारे गम्भीर छैनन्। झारा टार्न वा कोटा पुऱ्याउन महिलाहरूलाई निर्वाचनमा उम्मेदवार बनाइने गरिएको छ। जुन स्थानमा दल हार्ने सम्भावना छ त्यही स्थानमा महिलालाई उम्मेदवार बनाइने गरिन्छ।

अर्कोतर्फ पुरुष प्रधान समाजमा महिलालाई ख्याती प्राप्त हुन दिन पनि कठिन छ। हाम्रो मुलुकमा कुनै पनि दलभित्रका नेतृत्वपंक्तिमा रहेका नेताहरूको अवधारणामा 'राम्रो मान्छे'भन्दा पनि 'आफ्नो मान्छे' पदमा कायम गर्ने प्रचलन छ। तसर्थ, संविधानले व्यवस्था गरेको समानुपातिक सिटहरू जसमा विशेष व्यक्तित्वहरूलाई चयन गरी संसदको गरिमा र वजन बढाउन प्रतिनिधित्व गराउनुपर्नेमा महिला कोटाको संख्या पुऱ्याउने नाममा दलीय ठूला नेताहरूको छोरी-बुहारी र निर्वाचनमा हारेका नेताहरूको पत्नीलाई प्रतिनिधित्व गराई एक प्रकार संसदबाट पाउने लाभ दिलाउने प्रयास गरेको देखिएको छ।




महिलाहरूले प्रत्यक्षतिर चुनावमा लड्दा हार्छन् भन्नु सर्वथा गलत हो। यसपाली कै संसदीय आमनिर्वाचनमा काठमाडौं-२ र ललितपुर-३ को निर्वाचन परिणामले पुष्टि गरेको छ। सोविता गौतम र तोसीमा कार्की दुवै काांग्रेसका नेता शेरबहादुर देउवा, एमालेका केपी ओली र प्रधानमन्त्री प्रचण्डको हकमा नातिनी सरह उमेरका हुन्। यिनीहरू भर्खर पढेर निस्केका विद्यार्थीसम्म हुन्। यिनले पिता, माता, बाजे, बजु, पति राजनीतिमा भएको कारण विरासतमा राजनीति पाएको पनि होइन। न त जंगलमा नै गएर बन्दुक बोकेर गोरिल्ला युद्ध लडेर नै राजनीतिमा स्थापित भएका हुन्।

बरु यिनले मुलुकको अभाव, वरोजगारीले आमयुवाले पेट पाल्नका निम्ति विदेशिनु परेको समस्या, मुलुकमा हुने गरेको विकासमा गतिरोध, राजनीतिक भेदभाव, जनताको विपन्नता र मुलुकको चरम आर्थिक भ्रष्टाचारलाई बुझेका छन्। जनतालाई आफू तिनै कुराको निवारण गर्न जनताको सेवक भएर आएको हो भनी आह्वान गरेकै आधारमा जनताले पनि बूढा पुराना र निकम्मा झूठको खेती गर्ने दलीय नेतृत्व तहसँग अवाक् भएको हुँदा नयाँ नेतृत्व खोजी गर्दै तिनलाई निर्वाचन मतदान गरी रोजेको देखियो।

महिलाको राजनीतिक हकको सम्बन्धमा संविधानले उल्लेख गर्ने हुँदा २०६३ को अन्तरिम संविधानले संविधानसभामा ३३ प्रतिशत महिला प्रतिनिधिहरूको उपस्थिति कायम रहने अनिवार्य व्यवस्था प्रथम पटक कायम गरेको थियो। २०७२ सालको नयाँ संविधानको धारा ८४ को देहाय ८ मा पनि यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्नेछ।

त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) र धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरू मध्ये कुनै राजनीतिक दलको एकतिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्नेछ भनी अनिवार्य व्यवस्था गरिएको छ।


संयुक्त राष्ट्रसंघले आयोजना गरेको सन् १९९४ को बेइजिङ सम्मेलनले लैङ्गिक समानताको विषय छलफलमा उठाएको थियो। महिलाहरूको समग्र विकासका निम्ति महिलालाई पुरुष सरह समान हक अधिकार प्रदान गर्न जरुरी छ भन्ने तथ्यलाई महशुस गरी संयुक्त राष्ट्रसंघले आफ्ना सदस्य राष्ट्रहरूलाई लैङ्गिक समानताको कानूनको निर्माण गरी आ-आफ्ना मुलुकमा लागू गर्नलाई जोड दिएको पनि थियो। धेरै सदस्य राष्ट्रहरूको नियम कानूनहरूमा लैङ्गिक समानता कायम हुने गरी कानून बनिसकेका छन्।

महिला विकास र लैङ्गिक समानताका निम्ति महिला सशक्तीकरण माथि जोड दिँदै आएको पाइएको छ। संयुक्त राष्ट्रसंघले यो सवालमा अभियान नै थालेको छ। महिला सशक्तीकरण भन्नाले महिलाहरूले स्वयंलाई सक्षम बनाउन चेतनाको अभिवृद्धि गर्ने, आफ्ना विषयमा निर्धारण गर्न स्वयम् आफूलाई योग्य बनाउने, आफू र अन्य महिलाहरूको हकमा सामाजिक परिवर्तन ल्याउन समाज नै प्रभावित पार्नुपर्ने भनिएको छ।

संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतले नेपालले बेइजिङ सम्मेलनमा भाग लिएको थियो। साथै लैङ्गिक समानता कायम गर्न मुलुकी ऐन २०२० मा ११औं संशोधनमा महिलाको हकमा पुरुष सरह हुने गरी समान कानून निर्माण गरेको हो। यसपछि पनि कानूनमा लैङ्गिक समानता कायम हुने गरी पटक पटक ऐन र कानूनमा संशोधन भएका हुन्। जसमध्ये २०६३ सालको केही लैङ्गिक समानता सम्बन्धी संशोधन महत्वपूर्ण छ। यस कानूनले महिलालाई सम्पत्तिमा पूर्ण अधिकार प्रदान गरेको थियो। मुलुकभित्र महिला हक-अधिकारलाई समेत स्थापित गर्ने गरी मुलुकी देवानी संहिता २०७४ र मुलुकी फौजदारी संहिता २०७४ क्रमशः लागू भएका छन्।

महिलाले राजनीति गर्दा दलीय उच्चस्तरीय नेताको चाकरी गरी तिनबाट पद पाउने आशा किमार्थ गर्नुहुन्न। कुनै पनि दलका महिला नेतृहरूले अध्ययन गर्ने, चिन्तन राख्ने, छलफल गर्ने वादविवाद, तर्क गर्ने र विचारको प्रक्षेपण दलीय सभा मिटिङमा गर्ने गर्नुपर्दछ। दलभित्र काम गर्न जानु, सामेल हुनु भनेको मात्र फगत प्रतिनिधित्वका निम्ति होइन। दलमा बसेर वास्तविक प्रतिनिधित्व गर्नुपर्ने हुन्छ। जनताको नेता बनी साँच्चैको प्रतिनिधित्व गर्ने हो भने जनताको भावना बुझेर काम गर्न सक्नुपर्छ, न कि नेताको पछि लागेर उसैबाट सुविधा र पद पाउने आश गर्ने ? *इकागज*

# सरस्वती पूजा : विशेषता र पूजा विधि



**ज्यो. सूर्य कुइँकेल**

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता।
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना।
या ब्रह्माच्युतशंकरप्रभृतिभिर्देवैः सदा वन्दिता
सा मां पातु सरस्वती भगवतीनिः शेषजाड्यापहा ॥

शरदा कुंदपुष्प, चन्द्रमा र बरफको हार झैँ सेता वस्त्रमा सुशोभित हुनुहुन्छ। जसका हातमा वीणाको श्रेष्ठ दण्ड सुशोभित छ। जो सेतो कमलमा विराजमान हुनुहुन्छ। ब्रम्हा, विष्णु र महेश्वर सदैव जसको स्तुती गर्नुहुन्छ। समस्त दुर्मती दूर गर्ने हे परमेश्वरी माता मेरो रक्षा गर्नुहोस्।

सौर्यमासका हिसाबले माघ १ गतेदेखि सूर्य उत्तरायाण हुने भए पनि चन्द्रमासका हिसाबले माघ शुक्लपक्ष पञ्चमीदेखि मात्र सूर्य उत्तरायण हुने र दिनहरु क्रमशःलामा हुँदै जाने विश्वास रहेको छ। यस वर्ष सरस्वती पूजा अर्थात् वसन्त पञ्चमी माघ १२ गते बिहीबार परेको छ। हिन्दू पञ्चांग अनुसार माघ शुक्लपक्ष पञ्चमी तिथिबाट वसन्त ऋतु आरम्भ हुने हुँदा यस दिनलाई वसन्त पञ्चमी भनिएको हो। यस दिनलाई वसन्त पञ्चमी, श्री पञ्चमी, सरस्वती पूजा विभिन्न नामले चिनिन्छ।

ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धी पाएकी ब्रम्हाकी अर्धाङ्गिनी ब्रम्हायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान र सिद्धि अनि सद्बुद्धि प्राप्त हुने विश्वासका आधारमा यस दिनको ठूलो महत्व छ। आजको दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धी प्राप्त हुन्छ भन्ने कुरा गन्धर्व पूराणमा उल्लेख छ।

वसन्त पञ्चमीलाई सरस्वती जयन्तीका रुपमा पनि मनाइन्छ। यस दिनलाई बालबालिकाहरुको अक्षरारम्भ तथाऔपचारिक शिक्षाको शुरुवात गर्ने विशेष शुभ दिन र उत्तम साइतका रुपमा लिइन्छ। यसदिन हरेक विद्यालय, शैक्षिक संघ-संस्था तथा विद्यार्थीहरुद्वारा घरमै पनि धुमधामका साथ सरस्वतीको पूजा-आराधाना गरी बुद्धि, विवेक र विद्याका लागि आशीर्वाद माग्ने चलन छ।

वसन्त पञ्चमीको दिनलाई ज्ञान, वुद्धि र विवेक प्राप्तिका लागि उत्तम साइतको रुपमा लिइन्छ। देवगुरु बृहस्पति पनि ज्ञान, वुद्धि, विवेक, गुरुताका प्रतिक हुन् र उनै बृहस्पतिको बार हो बिहीबार। यस वर्षको सरस्वती पूजा पनि बिहीबार नै परेको छ । यसर्थ, यस वर्षको सरस्वती पूजा अत्यन्त शुभ र मंगलको सूचकको रुपमा आएको छ। पहिले-पहिले सरस्वती वन्दनामा प्रायः यो श्लोक पाइन्थ्यो र यसलाई विद्यालय पाठ्यक्रममा पनि समावेश गरिएको थियो।

सरस्वती सुन्दर मूर्ति तिम्रो
कस्तो ओहो उजल रुप तिम्रो
छ्यौ हाँसका बहानमा चढेकी
सेतो सफा पहिरनमा खुलेकी

बीणा लिएको कर एक तिम्रो
किताब अर्को करमा छ तिम्रो
देवी तिमी बुद्धि विवेक दिन्छौ
मुहानहरु कि खानी तिमी हौ

आमा तिमीमा अति भक्ति राखी
तिम्रा दुई कोमल पाउ माथि
झुकाउँदै माथ प्रणाम गर्छौं
बिद्या मिलोस् आसिक नित्य माग्छौँ

पढ्छौँ सधैं पढ्न सिकाइ देऊ
लेख्छौँ सधैं लेख्न लगाइ देऊ
अज्ञानको नाश गराइ देऊ
हे सरस्वती माता ज्ञान बढाइ देऊ।



वसन्त पञ्चमी माता सरस्वतीका लागि अत्यन्त प्रिय दिन हो। यस दिन विधिपूर्वक सरस्वतीको पूजन, कीर्तन र आरतीगर्नाले जीवनमा सुख, शान्ति र सफलता प्राप्त हुने, विद्या र बुद्धि बढ्ने तथा विद्या अध्ययन र आर्जनमा सफलता प्राप्त हुने विश्वास गरिन्छ। शास्त्र अनुसार यस दिन हातमा पुस्तक, बीणा र माला लिएकी सरस्वती कमलमा विराजमान रहेर प्रकट हुनुभएको कुरा उल्लेख छ। यस दिन माता सरस्वतीको पूजा गर्नाले ज्ञान, वाणी तथा शिक्षा सम्बन्धी सम्पूर्ण समस्याहरु समाधान भएर जाने विश्वास गरिन्छ। आजका दिन विवाह, व्रतबन्ध, बेल विवाह जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नु पर्दैन भन्ने विश्वास छ।

यस दिन बालबालिकाहरुलाई शिक्षारम्भ साथै नाक-कान छेडी दिने गरिन्छ। सरस्वतीलाई चढाएको सात गेडा अक्षता दाँतले नछोई निलेमा विद्या र बुद्धि स्फुरण भई सरस्वतीबाट चेतना र विद्याको ज्योति पाइन्छ भन्ने धार्मिक मान्यता र विश्वास रहेको छ। यस दिन बालबालिकाहरुलाई औपचारिक शिक्षाको शुरुवात तथा अक्षरारम्भ यस श्लोक वा बन्दनाबाट गराइन्छ।

'सरस्वति नमस्तुभ्यं वरदेकामरूपिणि।
विद्यारम्भं करिष्यामिसिद्धिर्भवतुमेसदा ॥

विद्या आर्जन गरिरहेकाहरुले सरस्वतीका विभिन्न श्लोक, मन्त्र आदिद्वारा स्तुतीगान गर्दछन् :

सरस्वतीमया दृष्टा वीणा पुस्तक धारिणी।
हंसवाहन संयुक्ता विद्यादानं करोतु मे ॥१॥
प्रथमं भारतीनाम द्वितीयञ्च सरस्वती।
तृतीयं शारदा देवीचतुर्थ हंसवाहिनी ॥२॥
पञ्चमं तु जगन्माता षष्ठं वागीश्वरी तथा।
सप्तमं चैव कौमारी अष्टमं वरदायिनी ॥३॥
नवमं बुद्धिदात्री च दशमं ब्रम्हाचारिणी।
एकादशं चन्द्रघण्टा द्वादशं भुवनेश्वरी ॥४॥
द्वादशै तानिनामानित्रिसन्ध्यं य पठेन्नरः।
जिव्हाग्रे वसते तस्य ब्रम्हरुपा सरस्वती ॥५॥

सरस्वती पूजन गर्नका लागि यी सामग्रीहरु आवश्यक पर्दछन् : सरस्वतीको मूर्ति वा फोटो, कमलको फूल, सेतो वस्त्र, सरस्वती चालिसा, रंगीन माला, स्फटिक माला, चुनरी, दियो, कलश, पूजा थाली, गौमुत्र, धूप, गंगाजल, अष्टगन्ध, अवीर, केशरी, काँसको कटौरा, जौ, तिल, कुश, बत्ती, धागो, रक्षाबन्धन, अगरबत्ती, सर्स्यू, कपुर, मिश्री, श्रृंगार सामग्री, ल्वांग, सुकमेल, तिलको तेल, घ्यू, मह, श्रीखण्ड, चन्दन, शंख, घण्टा, चमार, ध्वजापताका, श्री सरस्वती यन्त्र, विद्यादायक यन्त्रहरु, आचमनी, जल, पञ्चपात्र, धूपदानी आदि। तर, यी सामग्रीहरु अनिवार्य चाहिन्छन् भन्ने चाहिँ होइन। आफ्नो गच्छे अनुसार यथाशक्य सामग्रीहरु जुटाएर पूजन गर्न सकिन्छ।

भगवानको पूजाका लागि चित्त शुद्धि, मनको पवित्रता, भक्ति र ध्यान सबैभन्दा मुख्य कुरा हुन्। त्यसैले शुद्ध र पवित्र मनले सरस्वतीको प्रतिमा वा मूर्तिमा पुष्प अर्पण गरेर नमस्कार गर्नु नै पूजा पूर्ण हुनु हो।

**पूजन विधि**

यस दिन बिहानै उठेर स्नान गर्नु पर्दछ। पवित्र आचरण र वाणीको संकल्प लिँदै माता सरस्वतीको माथिका सामग्रीहरुले गुरु पुरोहितहरुद्वारा विधिपूर्वक पूजन गर्नुपर्दछ। चन्दन, अक्षता, सेता र पहेँला फूल, सेतो चन्दन, सेतो वस्त्र देवीलाई चढाउनु पर्दछ। प्रसादका रुपमा पहेँलो चामल, खीर, दूध, दही, मख्खन, सेतो तिलको लड्डु, घिउ, नरिवल र मौसम अनुसारको फल चढाउनुपर्छ। अनि बुद्धि र सफलताको कामना गर्दै घिउमा दियो बालेर आरती गर्नुपर्छ।

पढाइमा मन नलाग्ने विद्यार्थीहरुले देवी सरस्वतीको नित्य पूजन गरेमा अति शीघ्र लाभ पाउँछन्। सरस्वती माताको प्रतिमा अगाडि उभिएर निम्न श्लोकहरु उच्चारण गरेमा स्मरणशक्ति बढ्नुका साथै सबै मनोकामनाहरु पूरा हुन्छन्। हरेक देवीदेवताका एक मूलमन्त्र हुन्छ। यही मन्त्रद्वारा उनीहरुलाई आह्वान गरिन्छ। विशेष रुपमा यी मन्त्रहरु सिद्ध हुन्छन्। देवी सरस्वतीको अष्टाक्षर बीजमन्त्र- 'श्रीं ह्रीं सरस्वत्यै स्वाहा'। सरस्वती माताको पूजन गर्दा वानाना नैवेद्य अर्पण गर्दा वा प्रार्थना गर्दा यस मन्त्रको जप गरेमा अधिक लाभ मिल्दछ। तत्पश्चात यी श्लोकहरुद्वारा भगवतीको ध्यान गर्नुपर्दछ।

सरस्वती शुक्ल वर्णांसस्मितां सुमनो हराम् ॥
कोटिचंद्र प्रभामुष्ट पुष्ट श्रीयुक्त विग्रहाम्।
वह्निशुद्धां शुकाधानां वीणा पुस्तकम धारिणीम् ॥
रत्नसारेन्द्र निर्माण नवभूषण भूषिताम्।
सुपूजितां सुरगणैर्ब्रह्मविष्णुशिवादिभिस् ॥
वन्देभक्त्यावन्दिताचमुनीन्द्रमनुमानवैस्।
सरस्ती माताले हामी सबैको कल्याण गरुन्।

abhilashi2009@gmail.com

# वीरता लेडी जेसीजद्वारा मानव बेचबिखनबिरुद्ध अन्तरक्रिया

**झापा, माघ ११।** कानूनलाई प्रभावकारी बनाएमा मानव बेचबिखन रोक्ने सकिने एक कार्यक्रममा सहभागीहरुले जोड दिएका छन् ।

वीरता लेडी जेसीजको १९औं स्थापना दिवसको अवसर पारेर काँकरभिट्टास्थित मेची पुल नजिकै गरिएको मानव बेचबिखनबिरुद्ध सरोकारवालाहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै कानूनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन् ।

नेपाल प्रहरी, माइती नेपाल, एबीसी नेपाल, साना हातहरु नेपाल, साहसी महिला, महिला अधिकारकर्मी, विभिन्न सञ्चार गृहमा कार्यरत पत्रकार, मानव बेचबिखनबिरुद्ध काम गर्ने संघ-संस्थाका प्रतिनिधिहरु, भारतको तर्फबाट अध्यागमनका प्रतिनिधि, बाल सुरक्षा अभियान पानीट्याङ्कीका प्रतिनिधि तथा साना हातहरु भारतका प्रतिनिधिहरु लगायतले कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जरुरी रहेको औल्याए ।

कार्यक्रमका प्रमुख अतिथि इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक ज्ञानकुमार महतोले नेपाल भारत खुल्ला सिमाना भएको कारणले पनि मानव बेचबिखन गतिबिधि बढे पनि सुरक्षाको तर्फबाट संवेदनशील भएर सुरक्षा निकायले यसलाई रोक्न प्रभावकारी कदमहरु चलेको बताए । उनले खुल्ला सिमानाका कारण समस्या भएको उल्लेख गरे ।

नेपाल जेसीजका केन्द्रिय उपाध्यक्ष स्वस्तिका आचार्यले बढ्दो प्रविधिको प्रयोगका कारण बेचबिखनको शैली परिवर्तन भइरहेकाले सूचना साथै जनचेतनाको कार्यक्रमहरु अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् । उनले प्रविधिको प्रयोगमा पनि कडाई गर्नुपर्ने विचार व्यक्त गरिन् ।



माइती नेपाल काँकरभिट्टा प्रमुख गोविन्द घिमिरेले नेपालमा मानव बेचबिखनका घटनाहरुले परिवारमा अत्यन्तै पीडा दिएको बताए । नेपालमा गरिबी, अशिक्षा कै कारणले धेरै महिलाहरु यसबाट पीडित भएको पाइएको भन्दै रोजगारीको बहानामा महिला बेचबिखन हुने क्रम अझै नरोकिएको बताए । उनले मानव बेचबिखनमा संलग्नलाई कडारुपमा कारवाही हुनुपर्नेमा जोड दिए ।

एबीसी नेपाल झापाका अध्यक्ष कञ्चना सिटौलाले मानव बेचबिखनको समस्याले महिलाहरुमा धेरै नकारात्मक असर परेको बताइन् । उनले राज्यले कानून कार्यान्व्यनमा कडाई गर्नुपर्नेमा जोड दिइन् । बाल सुरक्षा अभियान पानीट्याङ्की भारतका उद्धारकर्मी गणेश राई र पत्रकार पर्वत पोर्तेलले मानव बेचबिखनको पछिल्लो अवस्था वारेमा बोल्दै महिलाहरुलाई प्रलोभनमा पार्नका लागि कतिपय अवस्थामा महिलाकै संलग्नता देखिएको उल्लेख गरे । उनीहरुले राज्य संयन्त्रका साथै सिमावर्ती क्षेत्रमा दुबै देशमा संघ संस्था तथा सरकार-सरकारले प्रभावकारी रुपमा काम गर्नुका साथै सीमा क्षेत्रमा कडाई गरिनुपर्नेमा जोड दिए ।

वीरता लेडी जेसीजका अध्यक्ष संगीता गिरीको अध्यक्षतामा भएको कार्यक्रममा नेपालमा मानव बेचबिखनका घटनाहरु अहिले पनि बढिरहेको र यसलाई रोक्न सरकारले कानूनलाई अझ दरिलो बनाउनुपर्नेमा जोड दिइएको छ । मानव बेचबिखनका रुप धेरै भए पनि नेपालमा गरिबी, अशिक्षित र राम्रो रोजगारीको अभावले महिलाहरु पीडित बन्दै गएको बताइएको छ । मानव बेचबिखनमा संलग्न जो सुकैलाई कानूनी दायरमा ल्याई दोषीलाई कडा कारवाही गर्नुपर्नेमा सरोकारवालाहरुले जोड दिए ।

वीरता लेडी जेसीसले समाजमा सकारात्मक परिवर्तनका लागि विगतदेखि नै विभिन्न कार्यक्रमहरु गर्दै आएको भन्दै अध्यक्ष गिरीले महिलाका सवालका विषयमा मेची पुल नजिकै गरिएको यस्ता कार्यक्रमले राज्यका निकायलाई दबाब सिर्जना गर्ने धारणा ब्यक्त गरिन् । कार्यक्रमको सहजीकरण पत्रकार लीला अनोमलले गरेकी थिइन् । जेसीजले गर्ने चार वटा क्षेत्र- व्यक्तिगत, व्यावसायिक, अन्तर्राष्ट्रिय र सामुदायिक कार्यक्रमहरु मध्ये यो अन्तर्राष्ट्रिय कार्यक्रम रहेको अध्यक्ष गिरीले जानकारी दिइन् । कार्यक्रमको सञ्चालन वीरता लेडी जेसीजकी महासचिव निशा शाक्यले गरेकी थिइन् ।

# सेनेटरी प्याड बनाउने तालिम

**कमल, माघ ११।** कमल गाउँपालिकाको ३ नम्वर वडा कार्यालयको आर्थिक सहयोग तथा उद्यमशील महिला जागरण केन्द्रको प्राविधिक सहयोगमा निःशुल्क सेनेटरी प्याड बनाउने तालिमको उद्घाटन भएको छ ।

बुधबारबाट शुरु भएको तालिमको कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपानेले उद्घाटन गरेकी थिइन् । एक सातासम्म सञ्चालन हुने तालिममा ३ नम्वर वडाका २० जना महिला सहभागी हुने आयोजक ले जनाएको छ ।

सेनेटरी प्याड खरिदमा बषेर्नि लाखौं रुपैयाँ खर्च हुने भएकोले त्यसलाई न्यूनीकरण गर्दै गाउँपालिकामा रहेका महिलालाई उत्पादनशिल क्षेत्रमा लगाउँदै आयआर्जन गरी महिलाको



जिविको पार्जनका लागि सहजता ल्याउन सकियोस् भन्ने उद्देश्यले तालिम आयोजना गरिएको उपाध्यक्ष न्यौपानेले बताइन् ।

उद्यमशील महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता दाहाल उप्रतीको अध्यक्षतामा सम्पन्न तालिम उद्घाटन कार्यक्रममा ३ नम्वर वडा सदस्य एङ्गल गुरुङ्ग, शन्त मगर, महिला सदस्य भगावती राई, केशरा वर्देवा, महिला तथा बालबालिका शाखा प्रमुख रीता कार्की, प्रहरी चौकी केर्खाका इन्चार्ज सुवास मिश्र, कमल नगर जेसीज वर्ष २०२३ का अध्यक्ष रिजु कार्की लगायतको उपस्थिती रहेको थियो । संस्थाकी सदस्य नन्दा लिम्बूले सञ्चालन गरेको कार्यक्रममा स्वागत कोषाध्यक्ष बबिता वाग्लेले गरेकी थिइन् ।

# निहारिकाको २८औं वार्षिक उत्सव

**कमल, माघ ११।** निहारिका अंग्रेजी माध्यमिक विद्यालयले विभिन्न कार्यक्रम गरी २८औं वार्षिक उत्सव मनाएको छ ।

कमल गाउँपालिका-३ केर्खामा २०५१ सालमा स्थापना भएको विद्यालयले २७औं वर्ष पूरा गरी २८औं वर्ष प्रवेश गरेको उपलक्षमा विविध सांस्कृतिक कार्यक्रम गर्दै उत्सव मनाएको हो ।

कार्यक्रममा कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपानेले गाउँपालिकाले पछिल्लो समय शिक्षा क्षेत्रलाई परिवर्तन गर्दै प्रविधिक शिक्षा तर्फ जोड दिँदै आएको बताइन् । गाउँपालिकामा रहेका विद्यालयको



गुणस्तरीय शिक्षाका लागि गाउँपालिकाले विभिन्न योजना बनाएको बताइन् । विद्यालयलाई शैक्षिक केन्द्रको रुपमा स्थापित गर्दै यस विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई विश्वको उत्कृष्ट नागरिक बनाउनतर्फ विद्यालय परिवार लागीपरेको प्रिन्सिपल गोपाल पाण्डेले बताए ।

विद्यालयका अध्यक्ष युवराज बरालको अध्यक्षमामा सम्पन्न कार्यक्रममा कमल गाउँपीलका शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपाने, नवोदय बहुउद्देश्यीय सहकारी सस्थाका अध्यक्ष शरणकुमार पराजुली, कमला मदन आश्रित स्मृति माध्यमिक विद्यालयका प्रधानाध्यापक हिमप्रसाद दाहाल, लायन्स क्लव अफ केर्खाका अध्यक्ष खगेन्द्र बारकोटी लगायत विभिन्न संघ-संस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिती रहेको थियो ।

कार्यक्रमको सञ्चालन शिक्षिका रञ्जु श्रेष्ठ, विद्यार्थी उज्ज्वल कोइराला तथा जुनु दंगालले गरेका थिए ।


## आवश्यकता

यस कार्यालय सञ्चालन र शाखा विस्तारको लागि केही कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

**पद :** P.R.O./Office Staff
**योग्यता :** S.E.E. पास
**तलब :** १३५०० देखि १८००० सम्म

**सम्पर्क**
**ग्रीन मार्ट प्रा. लि.**
बिर्तामोड-१, रत्नमार्ग
फोन:९८६६६७२५७९,९८०१४३२३३०

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## कर्मचारी आवश्यकता

होटल होलीडे होम बिर्तामोडलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**पद**
**सिनियर वेटर :** ४ जना (महिला/पुरुष) **योग्यता :** ३ वर्षदेखि ५ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
**फ्रन्ट अफिस सुपरभाइजर :** ३ जना (महिला/पुरुष)
(३ देखि ५ वर्षको अनुभव भएको हुनुपर्नेछ । एचएम पढेकोलाई प्राथमिकता दिइनेछ ।)
**हाउस किपिङ्ग सुपरभाइजर :** ३ जना (महिला/पुरुष) (तीन वर्षको अनुभव भएको हुनुपर्नेछ ।)
**किचन हेल्पर :** २ जना (पुरुष)

**सम्पर्क : होटल होलीडे होम**, बिर्तामोड, झापा
फोन नं. ०२३-५३६२५८, ९८५२६३०३९२, ९८१७०३०३९२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| सिताराम राजवंशी | जुरोपानी- १ | २४९१ | ८५६.६६ | पहलमान रा.व./सेकला मिण्डा / |
| सिताराम राजवंशी | जुरोपानी- १ | २४९६ | ३२८८.३४ | सेफला मिया |
| तेजप्रकाश भट्टराई | कोहवरा- १ | २३२ | ५०५.०० | प्रभु सतार |
| तेजप्रकाश भट्टराई | कोहवरा- १ | २३३ | २८४०.०० | प्रभु सतार |
| तेजप्रकाश भट्टराई | कोहवरा- १ | ३२० | २१०५.०० | प्रभु सतार |
| सावित्रा पोखरेल | कोहवरा- | २२२६ | ४६१७.१० | प्रभु सतार |
| सावित्रा पोखरेल | कोहवरा-१ | २२२८ | ५३५.०० | प्रभु सतार |
| हर्कबहादुर कार्की | धाइजन- १ | ८०४१ | ०-२-१७ | तुलसीकुमार/तुलसी प्र. सिलवाल |
| हर्कबहादुर कार्की | धाइजन-१ | ८०४२ | ०-६-३ | तुलसीकुमार/तुलसी प्र. सिलवाल |
| गौरामाया कार्की | धाइजन- १ | ८०४३ | ०-५-१४ | तुलसीकुमार/तुलसी प्र. सिलवाल |
| गौरामाया कार्की | धाइजन-१ | ८०४५ | ०-१२-६ | तुलसीकुमार/तुलसी प्र. सिलवाल |
| लालबहादुर कार्की | धाइजन- १ | ८३५३ | ०-८-० | तुलसीकुमार/तुलसी प्र. सिलवाल |
| गोमाकुमारी इङ्नाम | धाइजन-१ | ८३५२ | ०-१-० | तुलसीकुमार/तुलसी प्र. सिलवाल |
| लाधो राजवंशी | चन्द्रगडी-१ | २८५३ | ०-१-६ | टुमरु राजवंशी |
| अर्जुन थपलिया खत्री | ज्यामिरगडी-१ | १९३० | ०-१-० | जगेन्द्र राजवंशी |
| विक्रमबहादुर दाहाल | गौरीगञ्ज- १ | ७७१ | ३१०० | भुल्लर/मुकलार महतो नुनिया |
| बलराम लुइँटेल | शिवगञ्ज-२ | १८१३ | ०-३-० | ल्याकु राजवंशी |
| आजाद मिया | केचना-७ | ३० | २१२०.०० | अब्दुल मिया/नसरुदिन/उकासु मिया |
| अम्बरबहादुर भारती | टाघनडुब्बा-४ | ३२४ | ३०५.०० | सोहनिया माझी मिश्री मिया/जित ब. रफलाल |
| बमबहादुर विश्वकर्मा | शनिश्चरे-९ | ३५४१ | ०-५-० | शेरबहादुर |
| बाबुलाल राजवंशी | जुरोपानी-५ | २५८२ | ७९६.६३ | मुटुरी राजवंशी |
| हावालाल राजवंशी | जुरोपानी-५ | २५८३ | ३०४.७४ | मुटुरी राजवंशी |
| बाबुलाल राजवंशी | जुरोपानी-३ | १०३१ | ३५२५.०० | ढेकढेकु राजवंशी |

## हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. बुद्धशान्ति-३ झापा
## सञ्चालक/लेखा समितिको निर्वाचन कार्यक्रमको सूचना

**प्रकाशित मिति: २०७९/१०/१२**

हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.को विनियम २०५५ को दफा ३८ को उप-दफा 'क' तथा निर्वाचन निर्देशिका २०७५ को नियम ३ को उप-नियम 'ग' बमोजिम आगामी ४ (चार) वर्ष कार्या अवधिका लागि यही मिति २०७९ साल माघ २१ गते सम्पन्न हुने सञ्चालक समितिका अध्यक्ष - १, उपाध्यक्ष-१, सदस्य- ६ तथा लेखा समिति संयोजक-१, सदस्य-२ पदका लागि हुने निर्वाचन कार्यक्रम देहाय बमोजिम निर्धारण गरी सम्पूर्ण सेयर सदस्यहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कार्यक्रमहरु | मिति | समय |
|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०७९/१०/१२ | ११ बजे |
| २. | मतदाता नामावलीमा नाम थप तथा संशोधनका लागि आवेदन दर्ता | २०७९/१०/१३ | ११ बजे |
| ३. | आवेदन उपर जाँचबुझ तथा संशोधित मतदाता नामावली प्रकाशन | २०७९/१०/१५ | ११ बजे |
| ४. | मतदाता नामावली सामाविष्ट नाम उपर दाबीविरोध | २०७९/१०/१५ | १ बजेदेखि २ बजेसम्म |
| ५. | उजुरी उपर छानविन तथा मतदाताको अन्तिम नामावली प्रकाशन | २०७९/१०/१५ | ३ बजे |
| ६. | उम्मेदवारको मनोनयन पत्र दर्ता | २०७९/१०/१६ | १० बजेदेखि २ बजेसम्म |
| ७. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०७९/१०/१६ | २:३० बजे |
| ८. | उम्मेदवार मनोनयन पत्रमाथि दावीविरोध | २०७९/१०/१६ | २:३० बजेदेखि ३ बजेसम्म |
| ९. | दावी विरोध उपर जाँचबुझ तथा उम्मेदवारको संशोधित नामावली प्रकाशन | २०७९/१०/१६ | ३ बजेदेखि ४ बजेसम्म |
| १०. | उम्मेदवारले नाम फिर्ता लिने | २०७९/१०/१७ र १८ | १७ गते १० देखि ४ बजे<br>१८ गते १० देखि १२ बजे |
| ११. | उम्मेद्वालको अन्तिम नामावली प्रकाशन | २०७९/१०/१८ | १२ बजे |
| १२. | मतदान | २०७९/१०/२१ | ९ बजेदेखि ४ बजेसम्म |
| १३. | मतगणना | मतदान समाप्त भएपछि प्रारम्भ गर्ने | |
| १४. | मतदान केन्द्र : | श्री बुद्ध आदर्श मा.वि. बुद्धशान्ति-१ | |
| १५. | परिणाम घोषणा : | मतगणना समाप्त भएपछि परिणाम घोषणा | |

**डिल्लीराम तिम्सिना : संयोजक, निर्वाचन समिति**


## कतारमा रोजगारको अवसर


**१. कम्पनी : Danem Engineering Works** | **शहर : QATAR, DOHA**
**पूर्व स्वीकृत मिति: २०७८/०३/२९** | **चलानी नं.: ६०१६०१२२** | **LT. No.: 242321** | **पुन:विज्ञापन**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 50 | | सम्बन्धित काममा दक्ष | Before Test 1000+300<br>After test 1700+300 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Fitter | 50 | | | 1000+300 | | | | | | | |
| 3. | Rigger | 30 | | | 1000+300 | | | | | | | |
| 4. | Spray Painter | 50 | | | 1000+300 | | | | | | | |
| 5. | Helper | 100 | | | 1000+300 | | | | | | | |

**अन्तरवार्ता शाखा कार्यालय विर्तामोडमा २०७९ माघ १५ गते (29 January 2023) मा हुनेछ ।**

श्रम इजाजत नं. ३९६/०६०/०६१

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
बिर्तामोड शाखा कार्यालय : ०२३-५४२०९४
९८०८०७४५९८, ९८०३०७४४३९, ९८०३७७४४३९, ९८२५९५२५७३, ९८१४९७४७००

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनु होला, धार्मिक गतिविधि बढेर जानेछ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, आज तपाईको पशु-चौपाया तथा व्यापारबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको आजको दिन उत्तमसिद्धी रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्ताले शरीर, मन खिन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नु होला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ ।